१२०६ - ८१९

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३४१/२०७१/०७२

निर्णय नं.८१९

जिल्ला झापा, दमक नगरपालिका ८ बस्ने टंक प्रसाद आचार्य............ ..........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नापी कार्यालय, चावहिल, काठमाण्डौ.......................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला झापा, दमक नगरपालिका ८ बस्ने टंक प्रसाद आचार्यले नापी कार्यालय, चावहिल, काठमाण्डौ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१५ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।१२।२६ च.नं. ८१० को पत्रबाट नापी कार्यालय, चावहिल, काठमाण्डौलाई किन सूचना उपलब्ध नगराएको भनी लेखी गएको । उक्त पत्राचार पश्चात नापी कार्यालय, चावहिलले मिति २०७२/२/१७ मा निज पुनरावेदकलाई पत्रबाट सोधनी गरेको । प्रस्तुत सन्दर्भमा पुनः पुनरावेदकले मिति २०७२/२/२४ मा उजुरी गरेको र आयोगबाट मिति २०७२/२/२४ मा नापी कार्यालय, चावहिलमा लेखी गएको । उक्त नापी कार्यालयले पुनः मिति २०७२/३/१० मा निजसंग सोधनी गरेको र यस अवधि बीच पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वयंले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ बैशाख २२ गते रोज ४ शुभम्